येशू खीष्टले हाम्रो शत्रुलाई परास्त पार्नुहुन्छ

पाष्टरीय तालीम पुस्तिका

१६

तालीम र वृद्धि

T&M ®

कथा स्वर्गमा शुरु हुन्छ....

स्वर्गदूतहरुले सर्वोच्च पवित्र परमेश्वरको आराधना गरिरहेका थिए ।

अचानक, स्वर्गदूतहरुमध्ये सबभन्दा सुन्दर लुसिफर परमेश्वर को आराधनाबाट तर्किन्छ....

तर परमेश्वरले ती वागीहरुलाई स्वर्गबाट खसालिदिनु हुन्छ ।

"स्वर्गदूतहरुले पाप गर्दा परमेश्वरले तिनीहरुलाई बाँकी राख्नुभएन, तर तिनीहरुलाई नरकमा फालिदिनुभयो, र न्यायका दिनसम्मको निम्ति पातालको अन्धकारमा जकडिराख्नुभयो ।" (२ पत्रुस २:४)

एउटा डरलाग्दो आवाजले स्वर्ग र पृथ्वी थर्कमान हुँदछ....

ए लुसिफर (अर्थात बिहानको तारा), तँ स्वर्गबाट कसरी खसेको छस् ! तँ तल नर्कमा खसालिइस् !!
(यशैया १४:१२-१५)

बहुलाएर शैतानले संघर्ष जारी राख्छ....

खबरद्वारा शैतान विचलित भएको छ....

उत्पत्ति २:१७

बगैंचामा असल र खराबको ज्ञान दिने रुखको फल बढ्दै थियो। परमेश्वरले भन्नुभएको थियो, *"तैंले त्यो खानु हुँदैन... नत्रता तँ निश्चय मर्नेछस्।"* (उत्पत्ति २:१७)

शैतानले साँपको रुप लिन्छ। निम्न ऐतिहासिक घट्ना उत्पत्ति ३ बाट लिइएको हो।


बगैंचाका रुखहरुका फल हामी खान सक्छौं । तर बगैंचाको बीचमा भएको रुखका फलको विषयमा पर मेश्वरले भन्नुभएको छ, “त्योचाहिँ नखानू र नछुनू, नत्रता तिमीहरु मर्छौ ।”
हा हा ! तिमीहरु मर्दैनौ ! किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरु त्यो खान्छौ त्यही दिन तिमीहरुका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरु परमेश्वरजस्तै हुनेछौ ।

अहो ! अब कुन असल र कुन खराब हो म जान्दछु !

...अनि हामी परमेश्वर जतिकै बुद्धिमानी हुनेछौं ।

अहो ! म गर्व र शक्तिले भरिएको महसूस गर्दछु । म परमेश्वरजत्तिकै भएको छु ! तर मैले थाहै गरेको थिइनँ कि म नाङ्गै थिएँ ।

आदम, आदम, तँ कहाँ छस् ?
अहो ! यो ता परमेश्वर नै हुनुहुन्छ ! अब हामी लुकौं !
हामी नाङ्गै थिएछौं । हामीले आफैलाई लकायौं, किनकि हामी डर ाएका थियौं ।

तिमीहरुलाई कसले भन्यो यो ?
के मैले मनाही गरेको रुखको
फल तिमीहरुले खायौ ?
अब परमेश्वरले
तिमीहरुलाई मर्न
दिनुहुनेछ ।
यो स्त्रीले मलाई दिइन्
र मैले खाएँ ।
तर सर्पले पो
मलाई छक्यायो ।

अनि तँ, तँ ता श्रापित हुनेछस् । तँ तेरो पेटद्वारा घस्रनेछस् । अनि म तँ र स्त्रीको बीचमा दुश्मनी हालिदिनेछु । अनि तेरो र स्त्रीको सन्तानको बीचमा । त्यसले तेरो शिर कुच्याउनेछ अनि तैंले त्यसको कुर्कुच्चो डस्नेछस् । (उत्पत्ति ३:१४-१५)



के ? एउटी स्त्रीको सन्तानले मलाई नष्ट पार्नेछ भनेको ? अनि मानिसलाई चाहिँ बचाउने ? असम्भव !



अनि तैंले चाहिँ कष्टसँग नानीहरु पाउनेछस्, अनि तेरो लोग्नेले तँलाई अधीनमा राख्नेछ ।



(उत्पत्ति ३:१६)

अनि तँ, आदम ! तेरो कारण यो भूमि श्रापित भएको छ । तँ माटैमा नफर्किउञ्जेल तेरो निधारको पसीनाले कमाएको भोजन तैंले खानेछस् ।

(उत्पत्ति ३:१७-१९)

यसकारण, मानव जातिको शिर, आदमको अनाज्ञाकारिताले गर्दा हामीकहाँ निम्न कुराहरु आए:

कष्ट...
भोक....
मृत्यु...
न्याय...
नरक...

अनि यसरी सबै मानिसमा मृत्यु आयो किनकि सबैले पाप गरेका छन् । (रोमी ५:१२)

आदम सबै मानव जाति आदममा पतित भएका छन् ।

परमेश्वरले हरेक पापीलाई "पाप र अपराधमा मरेको" देख्नुहुन्छ । (एफिसी २:१)

रोमी ६:२३

"मानिसको निम्ति एक पटक मर्नु र त्यसपछि इन्साफ निश्चित छ ।"

येशूले भन्नुभयो...

"समय आइरहेछ, जब चिहानमा हुनेहरु सबैले उसको सोर सुन्नेछन्, बाहिर निस्किआउनेछन्: सुकर्म गर्नेहरु जीवनको पुनरुत्थानको निम्ति....।"

"...कुकर्म गर्नेहरुचाहिँ दण्डाज्ञाको पुनरुत्थानको निम्ति ।"

(यूहन्ना ५:२८-२९)

इन्साफको दिनमा आदमको सन्तानले के आशा गर्नसक्छ ?

बाइबलले घोषणा गर्दछ: *"सबैले पाप गरेका छन् अनि परमेश्वरको महिमारहित हुनगएका छन् ।"* (रोमी ३:२३)



मानिसको पापको कारण, उनी परमेश्वरबाट अलग भएका छन् । परमेश्वरले सानोभन्दा सानो पापलाई उहाँको उपस्थितिमा घुस्न दिनुहुने छैन ।

पिता परमेश्वरले जीवनको फाटकको रखवाली गर्न एक स्वर्गदूतलाई आदेश दिनुहुन्छ ।

मेरो अनन्त व्यवस्थाले यो निश्चित गर्दछ कि कुनै पनि पापी पवित्र ठाउँमा प्रवेश गर्न सक्तैन ।

पापको निम्ति मृत्युले ल्याएको व्यवस्थाको बाधाले गर्दा पापीहरुलाई कुनै प्रवेशको अनुमति छैन ।

तर परमेश्वरबाट अलग भएकाहरु केवल मृत्यु मात्र मर्नेछन् ।

पुत्र परमेश्वरले उत्तर दिनुहुन्छ...

एक दिन पापको निम्ति मृत्युले ल्याएको यो बाधालाई हटाएर म प्रवेश गर्नसक्ने पार्नेछु । म मानिसको रुपमा जन्मने छु अनि सबै पापीहरुको पक्षमा उनीहरुको निम्ति मरेर म यो व्यवस्था पूरा गर्नेछु ।

हजारौं वर्ष पछि, पिता र पुत्रसित हुनुभएको परमेश्वर पवित्र आत्माले भन्नुभयो...

म कन्ये मरियमलाई गर्भवती हुनको निम्ति चुन्नेछु ।

पछि...

त्यसैबेला खैलाबैला भयो....

शैतान राजा हेरोदको दरबारतिर दौडिन्छ....॥

उहाँलाई भेट्न गइरहेका ज्ञानी मानिसहरुलाई राजा हेरोदले भन्दछ: (मत्ती २)

त्यसपछि...

खीष्ट बढ्नुहुन्छ, उहाँले बप्तिस्मा लिनुहुन्छ, अनि...

क्रोधित भएर, शैतानले नरकमा एक सभा बोलाउँछ....

तर भूतहरुको त प्रभु येशूमाथि कुनै शक्ति थिएन । बरु उहाँले तिनीहरुलाई निकालिदिनु भयो



अन्तमा शैतानले एक मौका लिने काम गर्दछ...

समय नजीकै आइसकेको थियो । बढो खिन्नतासँग येशूले जैतून पहाडको गेतसमनीको बगैंचामा प्रार्थना गर्नुभयो :

उहाँका चेलाहरु निदाउँछन् । उनीहरुले टर्चलाइटको ज्योति त टाडो

तर उनीहरुले नजानेर भए तापनि, ती सेनाहरु, यहूदीहरु अनि शैतान स्वयंले पनि परमेशवरको अनन्त योजना पूरा गरिर हेका थिए । (प्रेरित २:२३)

यसलाई फेरि लिनको निम्ति म मेरो जीवन दिँदछु । कसैले पनि मेरो जीवन मबाट खोस्न सक्तैन । यो म आफ्नै इच्छाअनुसार दिँदछु । (यूहन्ना १०:१७-१८)

हाम्रो पापको निम्ति मर्दै गर्नुहुँदा येशू कराउनु भयोः

सौरमण्डलको इतिहासको डरलाग्दो तर अति महिमित क्षणमा पनि, येशू खीष्ट सारा संसारको पापको निम्ति मूल्य तिरिएको परमेश्वरको निष्कलङ्क थुमा हुनुहुन्छ । (१ पत्रुस २:२४, १ यूहन्ना २:२)

अब अति पवित्र परमेश्वरको उपस्थितिमा प्रवेश गर्न सकिन्छ भन्ने देखाएर मन्दिरको पर्दा च्यातिएर खुल्ला भयो (मत्ती २७:५१) ।

उहाँको मृत्युद्वारा, खीष्टले शैतानको शक्तिलाई तोड्नुभयो ।
"किनकि छोराछोरीहरु मासु र रगतका सहभागी भएका हुनाले उहाँले पनि त्यही स्वभाव लिनुभयो, ताकि मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाई, अर्थात शैतानलाई उहाँले नष्ट गरुन्, र मृत्युको डरले आजीवन बन्धनमा परेकाहरुलाई उहाँले मुक्त गरिदिऊन् ।" (हिब्रू २:१४-१५)

"हाम्रा निम्ति सराप बनेर खीष्टले हामीलाई व्यवस्थाको सरापबाट मोल तिरेर छुटाउनुभयो, किनकि 'काठमा झुण्डिने हरेक श्रापित हुन्छ' भन्ने लेखिएको छ । उहाँले हामीलाई मोल तिरेर छुटाउनुभयो, ...र हामी विश्वासद्वारा प्रतिज्ञाका पवित्र आत्मा प्राप्त गर्न सकौं ।" (गलाती ३:१३-१४)

आइतबारको दिन....
प्रभु शक्ति र अधिकार
मा बौरी उठ्नुभयो ।

येशू खीष्ट मृतहरुबाट ब्युतनु नै पर्थ्यो, किनकि सर्वशक्तिमान परमेश्वरबाट आउनु भएको बाहेक, उहाँले एक धर्मी जीवन पनि जिउनु भयो । अब उहाँले उहाँको नयाँ, अनन्त जीवन उहाँमा विश्वास गर्ने सबैसँग बाँड्नुहुन्छ ।

पिताको दाहिने हातपट्टि उचालिनु भएपछि, प्रभु येशूले हामीलाई परमेशवरको महिमित उपस्थितिमा सित्थैंको अनि अनन्त प्रवेश दिलाउनु भएर हाम्रो निम्ति अन्तर्विन्ती पनि गर्नुहुन्छ । अब हाम्रो विरुद्ध शैतानको दोषले काम गर्दैन । (हिब्रू २:१४-१५)

कसरी कुनै एक मानिसको कामले कसैलाई बचाउन सक्छ ? यो ता आदमको सम्बन्धमा जस्तै हो, जो सम्पूर्ण मानव जातिको पिता हुन् ।



एक जना मानिसले पाप गऱ्यो अनि सबैमा पाप र मृत्यु ल्यायो । (रोमी ५:१२)

आदम हामी सबैको प्रतिनिधि हुन् । सबै जना आदम र उसको पापी स्वभावसँग एक भएका छन् । (१ कोरन्थी १५:२२)



ख्रीष्ट अन्तिम आदम हुन् । उहाँ नै सारा संसारको पापको निम्ति बलिदान हुनुहुन्छ । जब हामीले पश्चाताप गर्दछौं अनि येशूमा विश्वास गर्छौं, हामीले उहाँको आत्मा पाउँदछौं । हामी उहाँमा एक देह बनी मिलेका हुन्छौं । (१ कोरन्थी १५:४६-४९, रोमी ५:१८-१९)

उहाँको आत्माद्वारा खीष्टमा एक भएर, हामी उहाँसंगै मर्छौं, अनि उहाँसंगै बौरी उठेर अति पवित्र परमेश्वरको उपस्थितिमा रहने छौं



परमेश्वरमा अनन्त जीवन

सारांश जाँच

सही उत्तरमा चिन्ह लाउनोस् ।

१. यसको पतन हुनुअघि, शैतान कस्तो थियो:स

- ☐ एक सुन्दर स्वर्गदूत ।
- ☐ एक भूत ।
- ☐ एक सर्प ।

२. सबै पापको जरा के थियो:

☐ असल र खराब ज्ञानको रुख ।

☐ सुन्दर स्वर्गदूत लुसिफरको घमण्ड ।

३. साँपको रुप धारण गरेर, पतित लुसिफरले आदमलाई के गर्न परीक्षा गऱ्यो:

☐ संसार पत्ता लाउन ।

☐ मनाही गरिएको असल र खराब ज्ञानको फल खान ।

४. परमेश्वरले मनाही गर्नुभएको फल खाएर आदमले गर ेको पापको निम्ति सजाय के थियो ?

_____

_____

५. आदमबाट पाप र मृत्यु सरेर गयो:

☐ उसको छोरो कयिनसम्म ।

☐ सबै मानव जातिसम्म ।

☐ अति नै दुष्ट मानिससम्म ।

६. आदमको मौलिक पापको कारण सबै मानिसहरु पापी भएका हुनाले उनीहरु मर्छन् । मृत्युपछि, सबै अपश्चातापी पापीहरुको न्याय कसद्वारा हुनेछ:

- ☐ सन्त पत्रुसद्वारा ।
- ☐ परमेश्वरद्वारा ।
- ☐ शैतानद्वारा ।

७. परमेश्वरको अनन्त दण्ड र "दोस्रो मृत्यु"बाट बँच्क हर ेकले कसमा नयाँ जीवन पाउनै पर्छ:

- ☐ बप्तिस्मामा,
- ☐ परमेश्वरको पुत्र येशूमा ।

८. शारीरिक (खीष्टबिनाको) मानिस परमेश्वरको उपस्थितिमा प्रवेश गर्नसक्दैन किनकि:

- ☐ मृत्युको कारण ।
- ☐ पापको कारण ।
- ☐ शैतानको कारण ।

९. केवल पापले मानिसलाई परमेश्वरबाट अलग पार्दछ। मानिसहरुलाई पाप गर्न परीक्षा गर्ने शैतानले यहूदालाई के गर्नको निम्ति उक्सायो:

- ☐ येशूलाई मृत्युको निम्ति धोका दिन
- ☐ मन्दिरबाट चोर्न।

१०. यहूदाले येशू ख्रीष्टलाई धोका दियो। येशू को हुनुहुन्थ्यो:

- ☐ एक स्वर्गदूत।
- ☐ परमेश्वरको पुत्र।
- ☐ एक भला मानिस।

११. जब येशू ईश्वर-मानव मर्नुभयो :

- ☐ परमेश्वरका योजनाहरु ढिला भए।
- ☐ परमेश्वरका योजनाहरु पूरा भए।

१२. आफ्नै प्राण बलिदान दिनुभएर प्रभु येशू ख्रीष्टले परमेश्वरका जनहरुमाथि शैतानको अधिकारलाई नष्ट पारिदिनुभयो, किनकि:

- ☐ प्रभुले हाम्रा पापको मूल्य तिरिदिनुभयो, अनि अब हामीलाई दोषी ठहऱ्याउनको निम्ति शैतानसित केही पनि छैन।
- ☐ शैतानले पश्चाताप गऱ्यो।

१३. अति पवित्र परमेश्वरको इन्साफको सिंहासनअघि प्रभु येशू खीष्टले हाम्रो ऋण तिरिदिनुभन्दा अघि, हामीमाथि शैतानको शक्ति केमा थियो:

☐ त्यसले हामीलाई हाम्रा पापहरुको कारण दोषी ठहऱ्याउनुमा ।

☐ त्यसको बुद्धि र ज्ञानमा ।

१४. येशूले पापको मूल्य तिरिदिनुभयो अनि शैतानको दोषहरुलाई हटाइदिनुभयो । उहाँले हाम्रो निम्ति केद्वारा परमेश्वरको उपस्थितिमा आउने ढोका खोलिदिनुभयो :

☐ सम्पत्तिद्वारा ।

☐ रगतद्वारा ।

१५. बौरी उठ्नुभएको खीष्टले आफ्नो रगतद्वारा हामीलाई स्वतन्त्र पार्नुभयो अनि आफ्ना मानिसहरुसित उहाँको अनन्त जीवन बाँड्नुभयो । यसैकारण उहाँलाई अन्तिम के भनिएको छ:

☐ आदम ।

☐ परमेश्वर ।

१६. पहिलो आदममा सबै मरे, तर अन्तिम आदम अर्थात खीष्टमा धेरैः

☐ मर्छन् ।

☐ अनन्तसम्म जिउँछन् ।

१७. खीष्टको आज्ञा पालन नगर्नेहरु कस्तो पुनरुत्थान बौरी उठ्नेछन्:

☐ दोषी ठहऱ्याइने ।

☐ अनन्तताको ।

१८. अनन्त नरकमा दोषी ठहऱ्याइएको शैतानहरु को को हुन्

☐ मृत मानिसहरुको आत्माहरु ।

☐ महिमाबाट पतित भएका दुष्ट स्वर्गदूतहरु ।

१९. पतित भएका दूतहरुले सबै आशा गुमाएका छन् । तर पापी मानवको एउटै र अति आशिषित आशा केमा छः

☐ हाम्रा प्रभु येशू खीष्तमा पाइने मुक्तिमा ।

☐ असल जीवन जिउनुमा ।

२०. हामीले खीष्टमा यो अनन्त मुक्ति केद्वारा पाउँदछौं:

☐ हाम्रा असल कामहरुद्वारा ।

☐ येशू खीष्टमा हाम्रो विश्वासद्वारा ।

२१. कसरी विश्वास गर्ने धेरैलाई एउटा व्यक्ति येशू खीष्टले बचाउन सक्नुहुन्छ ? तपाईको उत्तर लेख्नुहोस् ।



अभ्यासको काम

- मानिस कसरी पाप र मृत्युमा पतित भयो, अनि कसरी प्रभु येशूले शैतानलाई जित्नुभयो, र हामीलाई अनन्त जीवन दिनुभयो, यस विषयमा तपाईको मण्डली र साथीहरुलाई सिकाउनुहोस् । तपाईले यस पुस्तिकालाई गाइडको रुपमा चलाउन सक्नुहुन्छ ।

- *"एक प्रचारकको काम गर ।"* (२ तिमोथी ४:५) तपाईको गाउँ अथवा छिमेकीमा प्रभुमा नबाँचेकाहरुलाई सुसमाचार बुझाइदिनु होस् ।

टिप्पणीहरु:

_____

_____

_____

_____

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

016NP01A-01